# <u>सहकारी एकीकरण कार्यविधि, २०७७</u>

<u>मा. मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०७/२५</u>

प्रदेश नं. ५, सहकारी ऐन, २०७६ र प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ को प्रभावकारी कार्यान्वयनका लागि सहकारीमार्फत सम्पादन हुने काम कारवाही व्यवस्थित गर्न सहकारीको व्यवस्थापन गरी सहकारी संस्थाहरु एकीकरण गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा १०७ को ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "सहकारी एकीकरण कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एकीकरण कार्य" भन्नाले दुई वा दुई भन्दा बढी संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्यलाई समेत जनाउँछ।

(ख) "ऐन" भन्नाले प्रदेश नं. ५, सहकारी ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "जम्मा कारोबार" भन्नाले सहकारी संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतातर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) "दर्ता अधिकारी" भन्नाले ऐनको दफा ७६ बमोजिमको दर्ता अधिकारीलाई सम्झनु पर्छ र सो शव्दले दर्ता अधिकारीबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकृत कर्मचारीलाई समेत जनाउँछ।

(छ) "नियमावली" भन्नाले प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ सम्झनु पर्छ।

(ज) "प्रशिक्षालय" भन्नाले लुम्बिनी प्रदेशको सहकारी प्रशिक्षालयलाई सम्झनु पर्छ।

(झ) "सहकारी संस्था" भन्नाले सहकारी संस्था वा संघलाई सम्झनुपर्छ र सो शब्दले विशिष्टिकृत सहकारी संघलाई समेत जनाउँछ।

३. **<u>उद्देश्य</u>**: सहकारी संस्थाको एकीकरण गर्नुको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) संयुक्त प्रयास मार्फत सबल र सक्षम संस्थाको निर्माण गर्न,

(ख) संस्थालाई भौतिक, आर्थिक तथा मानवीय श्रोत साधनमा सम्पन्न र आत्मनिर्भर बनाउन,

(ग) संस्थागत रुपमा दिगो विकास र स्थायित्व प्रदान गर्न,

(घ) कार्य क्षेत्र र सहकारी सदस्यताको दोहोरोपना हटाई सदस्यहरूलाई प्रदान गर्ने सेवाको गुणस्तरवृद्धि गर्न,

(ङ) एक व्यक्ति एक प्रकृतिको सहकारी सदस्यतालाई कार्यान्वयनमा लैजान,

(च) अनुत्पादक व्यवस्थापन खर्चमा न्यूनिकरण गरी उत्पादन क्षेत्रमा लगानी बढाउन,

(छ) संस्थालाई समायानुकूल आधुनिक प्रविधिको उपयोग मार्फत व्यवसायीकरणतर्फ उन्मुख गराउन र

(झ) सहकारी क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई सुधार गरी अवसरको उपयोग गर्ने,

४. **<u>एकीकरण गर्न सकिने सहकारी संस्थाहरु</u>**: (१) देहाय बमोजिमका सहकारी संस्थाहरुलाई एकीकरण गर्न सकिनेछ।

(क) एउटै कार्य क्षेत्र भित्र रहेका एक भन्दा बढी सहकारी संस्थाहरु,

(ख) फरक जिल्ला भए पनि कार्य क्षेत्र जोडिएका संस्थाहरु,

(ग) सञ्चालन लागत घटाएर सदस्यहरुलाई बढी लाभ वितरण गर्न चाहने संस्थाहरु,

(घ) एउटै विषयसँग मेल खाने खालका संघहरु,

(ङ) साझा बन्धन एकैनाश भएका संस्थाहरु,

(च) फरक विषय र प्रकृति भएपनि खासमा एकै व्यवसायमा प्रतिस्पर्धा भइरहेका संस्थाहरु,

(छ) सदस्यहरु दोहोरीएका सहकारी संस्थाहरु,

(ज) एउटै प्रकृति वा विषयका संस्थाहरु, तर एकै स्थानमा विभिन्न विषय र प्रकृतिका धेरै संस्थाहरु रहेको भएमा फरक विषय वा प्रकृति भएतापनि नियामक निकायले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्ने,

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भएपनि एकीकरण कार्यका लागि सहकारी संस्थाहरुको कार्यक्षेत्र अनिवार्य जोडिएको हुनुपर्नेछ।

५. **<u>एकीकरणको प्रक्रिया</u>**: संस्थाहरुले एकीकरण कार्य गर्दा देहायबमोजिमका कार्यहरु गर्नुपर्नेछ :-

(क) एकीकरण गरिने संस्थाहरूको आवश्यकता पहिचान गर्ने,

(ख) एकीकृत हुने संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिका सदस्य वा पदाधिकारी उपस्थितिमा एकीकरण सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रमको सञ्चालन गरी सहमति जुटाउने,

(ग) उपयुक्त अन्तरक्रिया छलफलका विषयलाई संस्थाको साधारणसभाको बहुमतबाट अनुमोदन गराउने र एकीकरण सम्बन्धी कार्य गर्नका लागि सञ्चालक समितिलाई एकीकरणका शर्त सहित अख्तियारी प्रदान गर्ने।

(घ) साधारण सभाबाट स्वीकृत भई एकीकरण सम्बन्धी कार्य गर्न अख्तियार प्राप्त संचालक समितिले सोही प्रक्रियाबाट एकीकरणका लागि आउने सहकारी संस्थासँग एकीकरण गर्नका निम्ती एकीकरणका शर्त र कार्यविधि निर्माण गर्न कम्तिमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने,

(ङ) कार्यदलले एकीकरणका शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात संयुक्त कार्यदलले तयार पारेको अनुसूची–१ बमोजिमको शर्त तथा कार्यविधि एकीकृत हुन चाहने संस्थाहरुको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति सहितको कम्तीमा एक तिहाई सदस्यहरु उपस्थित भेलाले स्वीकृत गर्ने।

(च) खण्ड (घ) बमोजिमको भेलाको बहुमतले एकीकरण पश्चात निर्वाचित समिति निर्माण नभएसम्मको लागि दैनिक कार्यसञ्चालन गर्न तदर्थ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछ।

(छ) एकीकरणमा जाने सहकारी संस्थाले एकीकरणमा जानु पूर्व १५ दिने सूचना राष्ट्रियस्तरका पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्ने र स्थानीय एफ.एम रेडियोहरुबाट समेत प्रशारण गर्ने,

(ज) एकीकरणमा संलग्न हुने संस्थाहरुले आवश्यकता अनुसार सम्बन्धित निकायबाट र छाता संघबाट राय/सुझाव प्राप्त गर्न सक्ने,

(झ) एकीकृत सहकारी संस्थाले कार्य सम्पन्न भएको सूचना राष्ट्रियस्तरका पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्नुपर्नेछ र त्यस्तो सूचनामा एकीकरण हुनुभन्दा अगाडीका संस्थाले गरेको कामहरु एकीकरण भए पश्चातको संस्थाले गर्ने व्यहोरा समेत राख्नुपर्नेछ।

(ञ) एकीकरण पश्चात तीन महिना भित्र विशेष साधारण सभाबाट सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्नुपर्नेछ।

६. **<u>पूर्व स्वीकृति लिनु पर्ने</u>:** (१) दफा ४ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ–आफ्नो सञ्चालक समितिबाट प्रस्ताव पारित गरी पूर्व स्विकृतिको लागि नियामक निकायमा निवेदन पेश गर्न सक्नेछन्।

(२) उपदफा १ मा जनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा अन्य सार्वजनिक निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जायजेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले नियामाक निकायको पूर्व-सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नियामक निकायले माग बमोजिम संस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि वढाउन स्वीकृति दिन सक्नेछ।

७. **<u>सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u>** (१) नियामक निकायबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने सहकारी संस्थाहरुले आ–आफ्नो सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन गर्नु पर्ने देखिएमा मूल्याङ्कनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मूल्याङ्कन गराउन सक्नेछन्।

(२) मूल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरुमा स्पष्ट राय पेश गर्नु पर्नेछ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :-

(क) कर्जा वर्गीकरण,
(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,
(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,
(घ) तरलता विवरण,
(ङ) जनशक्ति व्यवस्थापन, र
(च) अन्य आवश्यक विषयहरु।

८. **<u>एकीकरणमा राख्नु पर्ने शर्त र कार्यविधिका विषयहरू:</u>** (१) एकीकरणमा देहायका शर्त तथा कार्यविधिहरु राख्नु पर्छ :-

(क) कुन कुन संस्था बीच एकीकरण हुने हो सो उल्लेख गर्ने,
(ख) एकिकृत संस्थाको नाम राख्दा एकिकृत हुने संस्थाहरु मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय रहने ठेगाना समेत उल्लेख गर्ने,
(ग) एकीकरण पश्चात संस्थाको कार्य क्षेत्र कति रहने हो सो यकिन गर्ने, कार्य क्षेत्र यकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने,

(घ) कुनै एक संस्थाको विनियम स्वीकार गर्ने वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा आवश्यक संशोधन गर्ने सो कुरा उल्लेख गर्ने,

(ङ) शेयर पुंजीको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने विधि (जस्तै एकिकृत हुने संस्थाहरुको शेयर पुँजीको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन्।)

(च) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय,

(छ) अन्य आवश्यक विषय।

९. **संयुक्त भेलामा प्रस्तुत गरिने विषयहरू:** सहकारी संस्था एकीकरण गर्नका लागि दफा ५ (ङ) बमोजिमको संयुक्त भेलामा देहायका विषयहरु पेश गर्नु पर्नेछ :-

(क) अनुसूची–१ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

(ख) एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात,

(ग) आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

(घ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकरण हुने संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

(ङ) एकीकृत संस्थाहरूको सम्पति (स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय,

(च) संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर,

(छ) सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोबार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने।

१०. **सम्झौता सम्बन्धी व्यवस्था:** संयुक्त भेलाबाट प्रक्रिया अगाडि बढाउन स्वीकृती प्राप्त गरेपछि संस्थाहरुले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता गर्नु पर्नेछ :-

(क) एकीकरण हुने सहकारी संस्थाहरुको नाम, ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम, ठेगाना र कार्यक्षेत्र,

(ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(ग) संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति तथा दायित्वको मिलान पद्धति,

(घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

(ङ) संस्थाको विनियम, कार्य सञ्चालन सम्बन्धी कार्यविधि, वचत तथा ऋण नीति, निर्देशिका, एकीकरण हुने संस्थाको नाम ,

(च) एकीकरण भएपछिको पुँजी संरचना तथा स्वामित्व संरचना,

(झ) एकीकरण भएपछिको जनशक्ति व्यवस्थापन योजना,

(ञ) प्रचलित सहकारी कानूनको पालनाको लागि पुरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(ट) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(ठ) अन्य प्रचलित कानून र सोको पालना भएको घोषणा,

(ड) नियामक निकायले तोकेका अन्य आवश्यक विषयहरु।

११. **<u>एकीकरणको लागि निवेदन दिने</u>:** (१) ऐनको दफा ७२ को प्रक्रिया पुरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पुँजी संरचना अनुसार आ-आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुवै सञ्चालक समितिको निर्णय सहित संयुक्त रुपमा नियामक निकायमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

१२. **<u>नियामक निकायले अपनाउनु पर्ने कार्य प्रक्रिया</u>:** (१) एकीकरणको लागि निवेदन पेश भए पछि नियामक निकायले देहाय अनुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछः-

(क) नियामक निकायसँग एकीकरणका लागि पूर्व स्वीकृति लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

(ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको बहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

(ग एकीकरणमा जाने सहकारी संस्थाले एकीकरणमा जानु पूर्व १५ दिने सूचना राष्ट्रियस्तरका पत्रिकामा कम्तिमा एक पटक प्रकाशन तथा स्थानीय एफ.एम रेडियोहरुबाट समेत प्रशारण गरे नगरेको हेर्ने,

(घ) एकीकृत सहकारी संस्थाले कार्य सम्पन्न भएको सूचना राष्ट्रियस्तरका पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गरे नगरेको र त्यस्तो सूचनामा एकीकरण हुनुभन्दा अगाडीका संस्थाले गरेको कामहरु एकीकरण भए पश्चातको संस्थाले गर्ने व्यहोरा समेत राखे नराखेको,

(ङ) संस्था एकीकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी प्रदेश सहकारी संघ, जिल्लासहकारी संघ, प्रदेश तथा जिल्ला विषयगत संघ, लगायतका निकायमा पठाउने

(च) स्थायी लेखा नं. लिएका संस्था भए आन्तरिक राजश्व कार्यालयलाई जानकारी गराउने।

(२) संस्थाहरुको एकीकरण गर्दा हाल कायम रहेको नाम चाहेमा सोही नाम र अन्य नाम प्रस्ताव गरिएमा नियमानुसार नयाँ नाम दिनु पर्नेछ।

१३. **एकीकरण स्वीकृति सम्बन्धी व्यवस्था:** (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृती लिए वा नलिएका संस्था दफा ९ बमोजिमका प्रतिवेदन र दफा १० बमोजिमको सम्झौता-पत्र सहित अन्तिम स्वीकृतिको निमित्त सहकारी संस्थाले सम्बन्धित नियामक निकायमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ

(क) एकीकरण हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षकको प्रतिवेदन,

(ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारीपत्र भए त्यस्तो समझदारीपत्र र एकीकरण समिति गठनको निर्णय,

(ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्त गरिएको भएमा मूल्याङ्कनकर्ताको प्रतिवेदन,

(घ) एकीकरण हुने संस्थाको नाम, ठेगाना,

(ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

(च) नियामक निकायले तोकेका अन्य कागजात तथा विवरण,

(छ) एकीकृत हुन आउने संस्थाहरूको अनुसूची–२ बमोजिमको संयुक्त आवेदन

(ज) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

(झ) एकीकरणको शर्त र कार्यविधि,

(ञ) एकीकरण हुनेसंस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

(ट) एकीकरण गर्नु अघि राष्ट्रियस्तरका पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

(ठ) एकीकृत हुनु अगाडीका संस्थाहरुले गरेका काम कारवाहीहरु एकीकृत संस्थाले गरेको मानिने विषय विनियममा उल्लेख गर्ने।

(ड) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने सहकारी संस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर नियामक निकायले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका सञ्चालक वा अधिकार प्राप्त व्यक्ति नियामक निकायमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा नियामक निकायले उक्त निवेदन, सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैतीस दिनभित्र संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनेछ।

(४) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन। तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

१४. **<u>एकीकरण सम्बन्धी अन्य व्यवस्था</u>:** संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :-

(क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिने,

(ख) एकीकरण गर्दा एकीकरणमा जानु अघिका संस्थाको कार्यालय भएको स्थानमा सेवा केन्द्र खोल्न दिइने,

(ग) फरक विषयका संस्थाहरु एकीकरण भएमा त्यस्ता संस्थालाई सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिने।

१५. **<u>एकीकरण पश्चात ध्यान दिनुपर्ने कुराहरू</u>:** एकीकरण प्रश्चात देहाय बमोजिमका कुरामा ध्यान पुऱ्याउनु पर्दछ :-

(क) एकीकरणमा सामेल भएका संस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भए भने सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिई कार्यहरुलाई निरन्तरता दिने,

(ख) कर्मचारीको जिम्मेवारी बाँडफाँड र सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको जिम्मेवारीको बाँडफाँडमा विशेष ध्यान दिने,

(ग) एकीकृत संस्थाको सेवा सुविधामा कटौती होइन अरू उन्नत सेवा सुविधा प्रदान गर्ने,

(घ) एकीकरण पश्चात तीन महिना भित्र विशेष साधारण सभाबाट सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्नुपर्नेछ।

१६. **<u>एकीकरणमा सहजीकरण गर्न सकिने</u>:** देहायको अवस्था देखिएको संस्थाबाट एकीकरण गर्न अनुरोध भई आएमा नियामक निकायले एकीकरण कार्यमा सहजीकरण गर्न सक्नेछ।

(क) एकै स्थानमा एकै विषयका धेरै संस्थाहरु सञ्चालन भएको,

(ख) एकै विषय र प्रकृति मिल्ने खालका संघहरु दर्ता भै सञ्चालनमा रहेको,

(ग) दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएमा।

१७. **<u>विविध</u>**: (१) एकीकरण हुने संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) नियामक निकायले सहकारी संस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ।

अनुसूची-१

(दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

**एकीकरणका शर्त तथा कार्यविधिको ढाँचा**

सहकारी ऐन, नियम, मापदण्ड तथा संघ संस्थाको विनियममा भएको व्यवस्था अनुसार .......................... सहकारी संघ/संस्था लि., .................... र .................................... सहकारी संघ/संस्था लि. को एकिकरण गर्दा शर्त र कार्यविधि खोलि एकीकरण प्रक्रियालाई अघि बढाउनु पर्ने भएकोले निम्न लिखित शर्त र कार्यविधिका अधीनमा रही एकीकरण कार्य सम्पन्न गर्ने साधारण सभाको अख्तियारी बमोजिम संचालक समिति, लेखा सुपिरवेक्षण समिति सहितको कम्तीमा एक तिहाई सदस्य उपस्थित भेलाले गरेको निर्णय कार्यान्वयनका लागि दर्ता अधिकारीको कार्यालय, प्रदेश नं. ५ मा अनुरोध गर्ने निर्णय गरियो।

| क.स. | विषयहरु | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | ....................... संघ/संस्था लि. (दर्ता नं......दर्ता भएको निकाय..............) .......................... संघ/संस्था (द.नं. ........ दर्ता भएको निकाय ............) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्था सञ्चालन गर्ने। दुवै संघ/सस्थालाई एकीकृत गरी "......... ................ सहकारी संघ/संस्था लि. ..................."कायम गर्ने। | दुवै संघ/संस्थाको साधारणसभाबाट पारित गराई .......... नियामक निकायबाट ............ बाट एकीकरणको स्वीकृति लिई संस्था "...................." को नामबाट सञ्चालन गर्ने। | |
| २ | कार्यालय | दुवै संघ/संस्थाको कार्यालय एउटै बनाउने। | .......... संघ/संस्थाको कार्यालय भवनबाट कार्य सञ्चालन गर्ने। | |
| ३ | कार्यक्षेत्र | दुवै संघ/संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने। | एकीकृत हुने संघ/संस्थाका कार्यक्षेत्र ........... .................... उ.म.न.पा./ न.पा / गा.पा. भएकोले ............... उ.म.न.पा./ न.पा / गा.पा. लाई समेत कार्यक्षेत्रका रुपमा स्वीकृति लिई सेवा प्रदान गर्ने। | |
| ४ | विनियम | दुवै संघ/संस्था एकीकृत भएपछि एउटा मात्र संघ/संस्थाको विनियम | ............. सहकारी संघ/संस्थाको विनियम ...................... स्वीकार गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकार गरिने। | सोही विनियम अनुसार कार्य सञ्चालन गर्ने। | |
| ५ | शेयर रकम | दुवै संघ/संस्थाको शेयर रकम एकीकृत गर्ने। यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने। | ...................... को लेखा परीक्षण अनुसारको शेयर रकम जम्मा गरी एउटा संस्थामा समावेश गर्ने।<br>..... को शेयर रु...............<br>...... को शेयर रु ..........<br>जम्मा शेयर रु ........... | |
| ६ | संघ/संस्थाका कोषहरु | ................ र ........................ कोषको रकम एकीकृत गरी समावेश गर्ने। वितरण गरन् मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्न मिल्ने कोषहरु सदस्यहरलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखी एकीकृत गर्ने। यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने। | वितरण गर्न मिल्ने कोषहरु सम्बन्धित संघ/संस्थाका सदस्यहरुलाई वितरण गर्न, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने<br>वितरण गर्न मिल्ने कोषहरुको विवरण :<br>कोषको नाम :<br>.................. सहकारी संघ/संस्था<br>जम्मा<br>१. शेयर लाभांश<br>२. संरक्षित पूँजी फिर्ता कोष<br>३. सहकारी प्रवर्धन कोष<br>जम्मा :<br>एकीकृत गरी कोषमा राख्ने कोषहरु :<br>कोषको नाम :<br>जम्मा :<br>१. जगेडा कोष<br>२. सहकारी शिक्षा<br>३. घाटा पुर्ति कोष<br>४. कर्मचारी बोनस कोष<br>५. सहुलियत कर्जा लगानी कोष<br>६. अन्य जोखिम व्यवस्थापन कोष<br>जम्मा : ............... | |
| ७ | दायित्व | ..................... र ................. चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात ............................ नै | .................. संघ/संस्थाको दायित्व र ................ संघ/संस्थाको दायित्व कएकीकृत गरी ................ बाट | |

| | | | | |
|---|---|---|---|---|
| | | चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी ............ रहने। | फछ्र्यौट गर्ने। | |
| ८ | लगानी हिसाव | ............. र ................. छाता संघहरुमा रहेको लगानी एकीकृत गरी ................. को नाममा कायम गर्ने। .................. संघ/संस्थाको लगानी रकम सम्बन्धित छाता संघबाट फिर्ता लिई आम्दानी बाँध्ने। | निम्न लगानी हिसाव एकीकृत गरी .......... को नाममा कायम गर्ने। फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई ................... नाममा आम्दानी बाँध्ने र सो कार्याका लागि छाता संघहरुबाट पत्राचार गर्ने। | |
| ९ | ऋण लगानी | ................ र ................. आफ्नो सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी ......... मा समावेश गर गर्ने। | ......... र ............. एकीकृत भएपछि .......ऋणी सदस्यहरुले .............. नाममा उक्त ऋण सार्ने व्यवस्था गर्ने। यसका लागि ........................ मसान्तसम्म समय दिने ब्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ................ बाट उपलब्ध गराउनने व्यवस्था मिलाउने। | |
| १० | बचत हिसाव | ............. र ................ सबै खालका बचतहरु एकीकृत रुपमा समावेश गर्ने। | ................ र ........... द्वारा सञ्चालित बचत कार्यक्रमहरु संस्था ............. शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने। | |
| ११ | सदस्यता | ..................... र ................. दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने। | ................... र ................ शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने। | |
| १२ | नीतिहरु | संघ/संस्था सञ्चालन नीति लागू गर्ने सन्दर्भमा ................. र .......... भएका एकै किसिमका नीतिहरु भए ................ का नीतिहरु लागू गर्ने र ............. नभएका नीतिहरुका सन्दर्भमा भन्ने ............ नीतिहरुलाई नै एकीकृत संघ/संस्थाको नीतिको रुपमा लागू गर्ने। | हाल रहेका निम्न नीतिहरु कायम राखी संघ/संस्था सञ्चालन गर्ने।<br>..................................<br>..................................<br>................................... | |

| | | | | |
|---|---|---|---|---|
| १३ | बैंक खाता र नगद जिम्मेवारी | ................ बैंक कारोबार ........ हस्तानान्तरण गर्ने, नगद पनि दुवै संघ/संस्थाको एकीकृत गर्ने। | ................................. बैङ्क र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने। | |
| १४ | संस्था सञ्चालन प्रक्रिया | ................ दुवै संस्थाका वर्तमान सञ्चालक, लेखा तथा सल्लाहकार समिति एवम् उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधि .......... सम्मका लागि कायम गर्ने। | दुवै संस्थाका सञ्चालकहरुबाट सञ्चालक समिति, लेखा समिति तथा अन्य समिति उपसमिति गठन गरी कार्य गर्ने। | |
| १५ | लिनुदिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संघ/संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने। | दुवै संघ/संस्थाले बुझाउनु पर्ने बाँकी ऋण संयुक्त रुपमा ...................... नामामा स्थानान्तरण गरी बुझाउने लिनु पर्ने भए पनि यही कार्यविधि अपनाइ असुल उपर गर्ने। | |
| १६ | प्रदेश/ जिल्ला/ विषयगत सं. को प्रतिनिधि | ................... बाट प्रतिनिधित्व गर्ने प्रदेश/जिल्ला/विषयगत संघको प्रतिनिधि ................ एकीकृत संघ/संस्थाको तर्फबाट पनि निरन्तरता दिने र ........... का केन्द्रीय प्रतिनिधिलाई भने फिर्ता गर्ने। | ...................................... केन्द्रीय प्रतिनिधि ......................... संयुक्त भएको दुवै संघ/संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरवदल गर्ने। | |
| १७ | कर्मचारी | दुवै संघ/संस्थाका कर्मचारीहरुलाई यथावत कामकाजमा लगाउने। | ........................ नियुक्त कर्मचारीहरु र .................... नियुक्त कर्मचारीहरुलाई एकीकृत रुपमा ................ नै यथावत कामकाज लगाउने। | |
| १८ | पान नं. | ........................... पान स्वीकार गर्ने र .................. पानलाई रद्द गर्ने। त्यसका लागि सम्बन्धित निकायमा जानकारी गराउने। | .................................. सहकारी संस्थाको आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पान ...................लाई प्रयोग गर्ने। | |
| १९ | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संघ/संस्था ........... को नगदी र ढुकुटी (सेफ) को बिमा गराई सञ्चालन गर्ने। | उपयुक्त बिमा कम्पनीसँग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी बम गर्ने व्यवस्था मिलाउने। | |

| | | | | |
|---|---|---|---|---|
| २० | एकीकरण पछिको विवाद सम्बन्धी | एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तीन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङ्गो लगाउने। | "विवाद समाधान समितिमा" .............. र .................. निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय सञ्चालक समितिले अनुमोदन गरेपछि लागू हुने गरी निर्णय गर्ने।<br>१. संयोजक ............<br>२. सदस्य ...........<br>३. सदस्य.................. | |
| २१ | विनियममा संशोधन र परिमार्जन गर्ने समिति | ............. सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट, परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकोले व्यपक अध्ययन परिमार्जन गर्न तीन सदस्यीय समितिलाई जिम्मा दिने। | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने।<br>१. संयोजक ...........<br>२. सदस्य .................<br>३. सदस्य ............... | |

दस्तखत
...............................
.................संघ/संस्था लि.
संस्थाको छाप

दस्तखत
........................
............................. संघ/संस्था लि.
संस्थाको छाप

अनुसूची-२

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**एकीकरण/विभाजनको लागि निवेदनको ढाँचा**

श्रीमान् ................................,
दर्ता अधिकारीको कार्यालय,
लुम्बिनी प्रदेश ।

महोदय,

प्रदेश नं. ५, सहकारी ऐन, २०७६ बमोजिम सञ्चालन भई आएका तपसिल बमोजिमका संघ/संस्था एकीकरण/विभाजन गर्न सम्पूर्ण प्रक्रिया पुरा भएकोले एकीकरण लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं। अतः उपरोक्त संघ/संस्थाहरु एकीकरण गर्न स्वीकृतिको लागि अनुरोध छ। साथै उक्त कार्यको लागि आवश्यक कागजात थान .... यसै पत्र साथ संलग्न गरिएको छ।

भवदीय

| | |
|---|---|
| .............................. | .............................. |
| (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको नाम : | संस्थाको नाम : |
| ठेगाना : | ठेगाना : |
| टेलिफोन नं. : | टेलिफोन नं. : |
| मोवाईल नं. : | मोवाईल नं. : |
| ई-मेल ठेगाना : | ई-मेल ठेगाना : |
| मिति : | मिति : |
| संस्थाको छाप : | संस्थाको छाप : |